कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन नं.: ०५६-५९२१३१
फ्याक्स नं.: ०५६-५३६०१४

प.सं. :
च.नं. :

मिति : २०७९।१२।०३

## प्रवेश परीक्षाको प्रवेश पत्र (Admit Card) वितरण सम्वन्धी

## अत्यन्त जरुरी सूचना

शैक्षिक वर्ष २०७९/०८० का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपुर, चितवनमा संचालन गरिने M.V.Sc., M.Sc. Animal Science र M.Sc. Fisheries मा विद्यार्थी भर्नाको लागि मिति २०७९ चैत ०४ गते लिइने प्रवेश परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको प्रवेश पत्र (Admit Card) मिति २०७९/१२/०४ गते विहान ९:०० बजे देखि यस संकायको कक्षा भवनबाट वितरण गरिने व्यहोरा जानकारी गराइएको छ साथै प्रवेश पत्र लिन परीक्षार्थी स्वयं नागरिकता र विलको सक्कल प्रति सहित उपस्थित हुन पर्नेछ । नागरिकता र विलको सक्कल प्रति बिना प्रवेश पत्र नदिईने व्यहोरा जानकारी गराईन्छ ।

प्रवेश परीक्षा कार्यक्रम :
क) M.V.Sc. विषयको मिति २०७९ चैत ०४ गते विहान ११.०० बजे ।
ख) M.Sc. Animal Science विषयको मिति २०७९ चैत ०४ गते दिनको १.०० बजे ।
ग) M.Sc. Fisheries विषयको मिति २०७९ चैत ०४ गते दिनको ३:०० बजे ।

स्थान: पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय कक्षा भवन, रामपुर, चितवन ।

नोट:
१) परीक्षार्थीले परीक्षा हलमा मोवाईल, क्यालकुलेटर, स्मार्ट वाच, किताब, कापी, चिट इत्यादी लैजान पाउने छैनन् र परीक्षा हलमा लैजान निषेध गरिएका वस्तु लगेको पाइएमा साथै अनुचित व्यवहार गरेको पाईएमा निरीक्षकले त्यस्ता परीक्षार्थीलाई परीक्षाहलबाट तत्काल निष्काशन गर्न सक्नेछन् । परीक्षा अवधि भर एक आपसमा कुराकानी गर्न पाईने छैन ।
२) परीक्षा शुरु हनुभन्दा १५ मिनेट अगाडी परीक्षा हल खुल्नेछ ।
३) तोकिएको Seat Plan अनुसार प्रश्नपत्र बाढ्नु भन्दा ५ मिनेट अघि नै परीक्षार्थीहरुले आफ्नो स्थान ग्रहण गर्नुपर्नेछ ।
४) १५ मिनेट भन्दा बढी ढिलो गरि आउने परीक्षार्थीहरुलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।
५) परीक्षा समयावधि सम्म परीक्षार्थीको अभिभावक वा अन्य सम्वन्धित व्यक्ति परीक्षा हलभित्र प्रवेश गर्न पाउने छैनन् ।
६) परिक्षामा कालो कलमको प्रयोग गर्नुपर्ने छ ।

प्रा. डा. होम बहादुर बस्नेत
डीन